# मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या १

मिति :- २०८२/०४/०६ गते

आज मिति २०८२ साल श्रावण ०६ गते मंगलबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी बि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

१८ नन्दकुमारी पुन [illegible] [illegible]

१९ रमा [illegible] [illegible]

## मोदी गाउँपालिका गाउँ कार्यपालिका
## बैठक मिति २०८२/०४/०६ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८२ असार १४ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** आ व २०८०।०८१ मा स्रोत अभावको कारण आ व २०८१।०८२ मा भुक्तानीको लागी १५ औं गाउँसभाको निर्णय अनुसार भुक्तानी बाँकीको सुचीमा रहेका तपशिल बमोजिमका योजनाहरुको लागी आ व २०८१।०८२ मा स्रोत अभाव भई अन्तिम भुक्नानी हुन बाँकी रहेको तथा निर्माण कार्य सम्पन्न भई नसकेका केही योजनाहरुको निर्माण सम्पन्न पश्चात चालु आ. व. मा भुक्तानी गर्नेगरी भुक्तानी बाँकी सम्बन्धी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी प्रचलित ऐन नियमावली बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी भुक्तानी बाँकीको सुचीमा राख्ने निर्णय गरियो ।

| क सं | योजना आयोजनाको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी बाँकी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासकीय भवन | फेवा कन्स्ट्रक्सन | रु ५९ लाख | |
| २ | वडा नं २ को कार्यालय देउपुर | २ नं वडा कार्यालय निर्माण समिति | रु १० लाख | |
| ३ | भू वर्गिकरण सम्बन्धी कार्य | ब्रदर्श ईन्भारमेन्ट एण्ड जियोलोजिकल सर्भिस | रु ११ लाख ९० हजार | |
| ४ | विपद तथा बाढीपहिरो प्रभावित सडक सरसफाई वडा नं २ | उज्यालो मोदी उपभोक्ता समुह | रु २लाख | |
| ५ | पशु आहारमा अनुदान कार्यक्रम | मोदी खोला बहुउद्देश्यीय सहकारी संस्था लि. | रु १० लाख | |

**निर्णय नं.३** मिति २०८२/०४/०५ मा बसेको स्थानिय विपद व्यवस्थापन समितिको बैठकको निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** प्राकृतिक प्रकोप तथा विपदबाट प्रभावित नागरिकहरुलाई तत्काल राहत प्रदान गर्न विपद व्यवस्थापन कोषमा विनियोजित बजेटबाट खर्च गर्नेगरी रु ३०००००। अक्षरेपी रु तीन लाख मात्र स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

**निर्णय नं.५** मोदी गाउँपालिकाको खर्चको मापदण्ड २०७८ लाई नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको प्रचलित खर्चको मापदण्ड सँग तादाम्यता हुनेगरी आवश्यक पुनरावलोकन तथा संशोधन गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** चालु आ व २०८२।०८३ मा विपद व्यवस्थापन सम्बन्धी सामग्री खरिदको लागी विनियोजित बजेटबाट विपद व्यवस्थापन तथा उद्दार सम्बन्धी आवश्यक सामग्रीहरु खरिद गरी प्रहरी चौकी देउपुर डिमुवालाई हस्तान्तरण गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.७** स्थानिय सरकार संचालन ऐन २०७४ एवं आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी प्रचलित ऐन नियमावली बमोजिम मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली यथाशिघ्र निर्माण गरी कार्यान्वयन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.८** मोदी गाउँपालिकाको वडा नं १ २ र ३ नं वडाहरु जोड्ने पातीचौर देउपुर देउराली तथा भुकदेउराली जोड्ने सडकखण्डमा पर्ने सुनचाप पहिरोको कारण उक्त सडक नियमित रुपमा अवरुद्ध भईरहने हुँदा उक्त सडकको बैकल्पिक सडकको रुपमा मोदी ६ वेतेनीबाट मोदी २ देउपुर जोड्ने सडकको मर्मत संभार तथा स्तरोन्नती गर्न प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ३७१०००।– (अक्षरेपी रु तीनलाख एकहत्तर हजार मात्र) विपद व्यवस्थापन कोषबाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** अविरल वर्षा तथा बाढी पहिरोबाट अवरुद्ध भएका तपशिल बमोजिमका सडकहरुको मर्मत सम्भार तथा पहिरो एवं अवरोध हटाउने प्रयोजनका लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु ५०००००।- (अक्षरेपी रु पाँचलाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** मोदी गाउँपालिका भित्रका कालोपत्रे तथा ग्राभेल सडकहरुमा नाली मर्मत सम्भार तथा बाढी पहिरोको कारण सृजना हुने विभिन्न अवरोधहरु हटाई सडक सुचारु राख्ने प्रयोजनका लागी प्रधानमन्त्री रोजगार कार्यक्रमको लागी विनियोजन गरिएको बजेटबाट सम्बन्धित कार्यक्रम निर्देशिका तथा कार्यविधि बमोजिमको पारिश्रमिक पाउने गरी सम्बन्धित वडामा सुचिकृत कामदारहरु मध्येबाट प्रतिवडा दुईजनाको दरले सडक हेरालुको रुपमा खटाउने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

# मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०४/२२ गते

आज मिति २०८२ साल श्रावण २२ गते बिहीबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र वहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | — | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

<u>अन्य उपस्थिति:</u>

(१) प्रवक्ता प्र. मैत्री [illegible]

(२) रमा सुवेदी, सचिवालय, कर्मचारी

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८२/०४/२२ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८२ साउन ६ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** Disseminated Staph Infection With Selective Iga Deficiency रोग लागी पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठान मा उपचारत मोदी गाउँपालिका वडा नं ६ निवासी कृष्ण बहादुर क्षेत्री को छोरा प्रभात क्षेत्री लाई रु २५००० (अक्षरेपी रु पच्चिस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** मोदी गाउँपालिकाको गाँउ शिक्षा समितिको निर्णय अनुसार विद्यालयहरुको शिक्षक दरवन्दी मिलान शिक्षक व्यवस्थापन सम्बन्धी कार्य गर्नको लागी सामाजिक विकास समितिको संयोजक श्री शुक बहादुर गुरुङको संयोजकत्वमा गठन भएको अध्ययन कार्यदलले दिएको प्रतिवेदन स्वीकृत गरी प्रतिवेदनमा दरवन्दी मिलान तथा शिक्षक ब्यवस्थापन उल्लेख भए बमोजिम कार्यान्वयन गर्न शिक्षा युवा तथा खेलकुद उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४** विद्यार्थी संख्या तुलनात्मक रुपमा बढी रहेका एवं शैक्षिक गुणस्तर एंवम असल अभ्यास प्रवर्द्धन गर्ने विद्यालयहरु मोदी ६ स्थित डिमुवा आधारभूत विद्यालय र नवज्योती आधारभूत विद्यालयमा गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुलाई निरन्तरता दिने तथा हलहले आधारभूत विद्यालय र जनआदर्श आधारभुत विद्यालयमा थप जनशक्ती व्यवस्था नहुन्जेल सम्म साविक बमोजिमकै जनशक्तीलाई कायम राख्ने निर्णय गरियो ।

**निर्णय नं.५** मोदी गाउँपालिका वडा नं ६ लाई मिति २०८२ भाद्र २९ गते अन्तर्राष्ट्रिय बाल दिवसको अवसरमा बालमैत्री स्थानिय शासनयुक्त वडा घोषणा गर्न आवश्यक पूर्वतयारी लगायतका प्रकृया अगाडी बढाउन सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६** चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्पुर्ण विषयगत शाखाहरु तथा वडा कार्यालयहरुलाई बजेट कार्यान्वयन कार्ययोजना तयार गरी पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

**निर्णय नं.७** मोदी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०३/०४ गतेको सुचना बमोजिम भूमीहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित वसोबासीको रुपमा दर्ता हुन छुट भएको तपशिल बमोजिमको निवेदकको निवेदन सहितको सक्कल कागजात भूमी समस्या समाधान आयोग जिल्ला कार्यालय पर्वतमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र सं | नामथर | ना प्र नं | बाबुको नामथर | कोड नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | राम वहादुर बि.क. | ३५९१८/ पर्वत | केन्द्र बहादुर बिश्वकर्मा | AB-00061 | |

**निर्णय नं.८** मोदी गाउँपालिकाको शासकिय प्रवन्ध, सुशासन,विकास व्यवस्थापन, संगठन तथा व्यवस्थापन लगायतका विषय तथा गाउँपालिकाको समग्र कार्यसम्पादनको विषयमा नागरिक समाज, आम संचारका माध्यम, सामाजिक संजालमा उठान भएका विविध विषयबस्तु अध्यन विष्लेषण गरी ७ (सात) दिनभित्र गाउँकार्यपालिकामा अध्यन प्रतिवेदन पेश गर्न मोदी गाउँपालिकाका उपाध्यक्ष श्री विमल लामिछानेको संयोजकत्वमा तपशिल बमोजिमका सदस्य रहने गरी एक अध्यन कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | पदाधिकारीको नामथर | पद | तोकिएको जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री विमल लामिछाने | उपाध्यक्ष मोदी गा पा | संयोजक |
| २ | श्री शुक बहादुर गुरुङ | वडाध्यक्ष वडा नं ८ | सदस्य |
| २ | श्री दुर्गा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं ७ | सदस्य |
| ३ | श्री दिपेन्द्र जंग लामिछाने | वडाध्यक्ष वडा नं ६ | सदस्य |
| ४ | श्री लक्ष्मी वि क | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री दिपेन्द्र गौतम | वरिष्ठ प्रशासन सहायक | सदस्य सचिव |

**निर्णय नं.९** मोदी गाउँपालिका र युएनडिपी नेपाल बिच भएको Memorandum अनुसार सामाजिक आर्थिक संकटापन्न सुचना व्यवस्था प्रणाली (Socio Economic Vulnerability Management Information System) संचालन गर्ने प्रयोजनको लागी वडा बस्तीस्तरबाट आवश्यक सुचना संकलन गर्न खटिएका

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाटिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

गणकहरुलाई प्रतिघरधुरी रु १०० पारिश्रमिक तोकिएकोमा उक्त पारिश्रमिकमा रु १०० थप गरी प्रतिघरधुरी रु २००।– (अक्षरेपी रु दुई सय) कायम गर्ने निर्णय गरियो।

**निर्णय नं.१०** मोदी गाँउपालिकाको सबै भन्दा बढी विद्यार्थी अध्ययन गर्ने र प्राविधिक धार तर्फ सिभिल ईन्जिनियरिङ तथा कक्षा ११ र १२ मा विज्ञान कार्यक्रम सञ्चालन गर्ने नवजागृत माध्यमिक विद्यालयमा माध्यमिक तह तृतीय श्रेणी सरहको एक जना कम्प्युटर विज्ञान विषयको शिक्षकको तलब भत्ता गाँउपालिका अनुदानमा कार्यरत शिक्षकको तलब भत्ता शीर्षकबाट खर्च ब्यहोर्ने गरी प्रचलित ऐन नियम बमोजिमको प्रकृया अबलम्बन गरी शिक्षक ब्यवस्थापन गर्न अनुमती प्रदान गर्ने निर्णय गरीयो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner